नेपाल सरकार
अर्थ मन्त्रालय

कोभिड-१९ भाइरसको संक्रमणका कारणबाट प्रभावित भएका क्षेत्रलाई राहत कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने अवस्था उत्पन्न भएको छ। कोभिड-१९ ले हाल सम्म पारेको प्रभाव र आगामी दिनमा पर्न सक्ने प्रभावको आँकलनको आधारमा तत्कालिन कदमहरू अवलम्वन गर्नु पर्ने देखिएको छ। रोगको संक्रमण फैलन नदिन नेपाल सरकारले घोषणा गरेको लक डाउनका कारण अति प्रभावित हुने श्रमिक तथा निम्न वर्गीय व्यक्तिको दैनिक जीवनयापनलाई सहज वनाउन तथा उद्योगी व्यावसायीहरूलाई निजहरूको उद्योग व्यवसायको संरक्षणका लागि हालको अवस्थामा देहाय बमोजिम तत्काल राहतका कार्यक्रमहरू नेपाल सरकार ( मन्त्रिपरिषद) को मिति २०७६/१२/१६ को निर्णयानुसार स्वीकृत भई कार्यान्वयनमा आएको ब्यहोरा सबैको जानकारीको लागि यो यो प्रेस बिज्ञप्ति जारी गरिएको छ।

**१. असंगठित क्षेत्रका दैनिक ज्यालादारी श्रमिक मजदूरका सम्वन्धमाः**

(क) स्थानीय तहले दैनिक खाद्य आवश्यकतालाइ पुग्ने गरी कोरोना संक्रमणवाट सुरक्षित रहन आव्हान गरिएको लकडाउनको अवधी भरका लागि राहत उपलव्ध गराउने। राहत उपलब्ध गराउँदा स्थानीय तहले त्यस्तो परिवार पहिचान गरी लगत तयार गर्ने। राहत लिने परिवारबाट स्थानीय तहको सम्बन्धित वडा कार्यालयले नागरिकता वा आफ्नो पहिचान खुल्ने परिचयपत्र सहित माग गर्ने र सम्बन्धित वडा अध्यक्ष वा सदस्यले प्रमाणित गर्ने व्यवस्था मिलाउने।

(ख) प्रकरण (क) बमोजिम राहत उपलव्ध गराउन स्थानीय तहमा एउटा कोष खडा गर्ने। प्रदेशमा स्थापना गरिने कोषबाट पनि उक्त कोषमा रकम उपलब्ध गराउने। स्थानीय तहमा रहने कोषमा प्रदेश र स्थानीय तहबाट उपलब्ध गराइएको रकम नपुग हुने भएमा नेपाल सरकारले सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने।

(ग) यस कार्यमा सहयोग गर्न चाहने गैर सरकारी लगायत संघ, संस्था वा व्यक्तिले स्थानीय तहसँग समन्वय गरी तोकेको क्षेत्रमा मात्र राहत उपलब्ध गराउने।

(घ) राहत उपलब्ध गराउँदा गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति, वृद्धाश्रममा रहेका वृद्ध वृद्धा, बालगृहमा रहेका बालबालिका र टुहुरा बालबालिकाको लागि स्थानीय तहले विशेष व्यवस्था गर्ने।

(ङ) राहत दावी गर्ने व्यक्तिले आफ्नो परिवारको कुनै पनि सदस्य आफ्नै स्वरोजगार नभएको, औपचारिक रोजगारीमा नरहेको र आय आर्जन गर्ने वैकल्पिक उपाय नभएको स्वघोषणा गर्नुपर्ने।

(च) गलत घोषणा गरी राहत लिइएको पाइएमा त्यस्ता व्यक्तिवाट सरकारी बाँकी सरह असुल गर्ने, राहत पाउनु नपर्ने परिवारले राहत लिएको पाइएमा राहत दिन योग्य भनी प्रमाणित गर्ने सम्बन्धित वडा अध्यक्ष वा सदस्यलाइ समेत जिम्मेवार बनाउने।

(छ) राहत सुविधा लिने व्यक्ति/ परिवारको नाम ठेगाना सहितको विवरण साप्ताहिक रुपमा सार्वजनिक गर्ने र त्यसको अद्यावधिक विवरण राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागमा पठाउने व्यवस्था मिलाउने।

२. **औपचारिक क्षेत्रमा काम गर्ने मजदुरहरूका सम्वन्धमाः**

(क) औपचारिक क्षेत्रमा काम गर्ने मजदुरहरूलाई सम्वन्धित रोजगारदाताले नै पारिश्रमिक उपलव्ध गराउने।

(ख) पूर्ण रुपमा वन्द भएका पर्यटन क्षेत्रसंग सम्वन्धित प्रतिष्ठानहरूले आफ्ना दैनिक वा मासिक ज्यालादारीमा कार्यरत कर्मचारीका लागि २०७६ चैत्र महिनाको पारिश्रमिक पूर्ववत भुक्तानी गर्ने।

(ग) प्रतिष्ठानले व्यवसाय सञ्चालन नभएसम्मका लागि श्रमिकलाइ भुक्तानी गर्नु पर्ने ज्याला भुक्तानीका लागि प्रतिष्ठानस्तरको कल्याणकारी कोषको रकम उपयोग गर्न सक्ने।

(घ) सामाजिक सुरक्षा कोषमा आवद्ध भएका यस्ता प्रतिष्ठानमा कार्यरत श्रमिक तथा रोजगारदाताहरूको तर्फबाट चैत्र महिनामा गर्नुपर्ने योगदान रकम नेपाल सरकारले सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने।

३. **आवश्यक खाद्य सामाग्रीको आपूर्ती र सेवा प्रवाह सम्वन्धमाः**

(क) खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले चामल, पिठो, दाल, नून, चिनी, खाने तेल लगायतका खाद्य सामाग्रीको हाल

कायम रहेको मूल्यमा १० प्रतिशत छुट दिइ विक्री वितरण गर्ने व्यवस्था मिलाउने।

(ख) नेपाल दूरसंचार कम्पनी लिमिटेडले लक डाउन अवधिको इन्टरनेट तथा डाटा प्याकेजमा २५ प्रतिशत छुट दिने व्यवस्था गर्ने। निजी सेवा प्रदायकले समेत यस्तो छुट दिने व्यवस्था मिलाउने।

(ग) नेपाल विद्युत प्राधिकरणले मासिक १५० युनिटसम्म विद्युत खपत गर्ने ग्राहस्थ ग्राहकको विद्युत महसुलमा २५ प्रतिशत छुट दिने व्यवस्था मिलाउने।

(घ) विद्युत, खानेपानी, टेलिफोन तथा इन्टरनेटको शुल्कको फाल्गुन र चैत्र महिनाको महसुल भुक्तानी २०७७ वैशाख मसान्तसम्म बुझाएमा विलम्व वापत लाग्ने जरिवाना तथा अतिरिक्त शुल्क छुट गर्ने व्यवस्था मिलाउने।

(ङ) माग भन्दा बढी उत्पादन भई वचत हुने विद्युत नेपाल विद्युत प्राधिकरणले तोकेको अवधि र समयमा उपयोग गर्ने उत्पादनमूलक उद्योग प्रतिष्ठानहरूलाई सो अवधिमा खपत गरिएको विद्युत महसुलमा उद्योगको प्रकृति हेरी ३० देखी ५० प्रतिशत सम्म छुट दिने व्यवस्था मिलाउने।

(च) कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषबाट सञ्चयकर्ता/बचतकर्ताहरूलाई दिइएको कर्जाको साँवा/व्याजको किस्ताको भुक्तानीको म्याद २०७७ वैशाख मसान्तसम्म बढाउने र कर्जाको व्याजदरमा सहुलियत दिने व्यवस्था मिलाउने।

(छ) मुलुकका विभिन्न उत्पादन केन्द्रमा उत्पादन तथा संकलन भएका दुध, तरकारी, फलफूल, माछा, अन्डा, मासु तथा खाद्यान्न लगायतका सामाग्री नजिकको वजार केन्द्र वा काठमाण्डौ उपत्यकामा ढुवानी गर्न आवश्यक ढुवानीका साधनको प्रवन्ध गर्ने र स्थानीय तह मार्फत २५ प्रतिशत ढुवानी अनुदान उपलव्ध गराउने। किसान तथा उत्पादकलाइ वजार केन्द्रमा आफ्ना उत्पादन विक्री गर्न सवारी साधनको पास उपलव्ध गराउने।

४. **स्वास्थ्य, शिक्षा सेवा र घरवहालका क्षेत्रमा:**

(क) कोभिड-१९ रोगको उपचारका लागि प्रयोग हुने औषधी, स्वास्थ उपकरण, स्यानिटाइजार, पञ्जा, Personal Protection Equipment (PPE) को आपूर्ति

तथा अस्पतालको क्षमता विस्तार समेतका लागि स्वास्थ तथा जनसंख्या मन्त्रालयलाई थप बजेट व्यवस्था गर्ने।

(ख) संक्रमणको संभावना भएका व्यक्तिहरूलाइ राखिने सामूहिक क्वारेन्टाइन सञ्चालन एवं क्वारेन्टाइनमा राखिने ब्यक्तिहरूको खाना खर्च संघ, प्रदेश र स्थानीय तहले ब्यहोर्ने गरी स्वीकृत क्वारेटाइन सम्बन्धी मापदण्ड बमोजिम आवश्यक पर्ने रकम सम्बन्धित निकायलाई उपलव्ध गराउने व्यवस्था गर्ने।

(ग) कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न हुने चिकित्सक, नर्स, स्वास्थ्य प्राविधिक, महिला स्वास्थ्य स्वंयसेविका, स्वयमसेवक तथा सरसफाईमा संलग्न हुने श्रमिक, एम्बुलेन्स चालक तथा प्रत्यक्ष रुपमा संलग्न हुने सुरक्षाकर्मीलाई मिति २०७७ असार मसान्त सम्मका लागि रु २५ लाख सम्मको निशुल्क वीमा/क्षतिपूर्ति दिने व्यवस्था मिलाउने। कोरोना उपचारको क्रममा आवश्यक पर्ने व्यक्तिगत सुरक्षा उपकरणहरू निशुल्क उपलब्ध गराउने।

(घ) निजी स्वास्थ्य सेवा प्रदायक संस्थालाइ आवश्यक स्वास्थ्य उपकरणको आपूर्तिको सुनिश्चित गरी आफ्ना सवै प्रकारका स्वास्थ्य सेवा सुचारु राख्न र आफ्ना सबै प्रकारको सेवा शुल्कमा चैत्र मसान्तसम्मको विल वमोजिमको रकममा न्यूनतम २० प्रतिशत छुट दिने व्यवस्था मिलाउने।

(ङ) निजी विद्यालयले माध्यमिक तहसम्मको एक महिनाको शुल्क मध्ये आवास शुल्क बाहेक अन्य सबै प्रकारको शुल्क छुट दिने व्यवस्था गर्ने।

(च) शहरी क्षेत्रमा रहेका असङ्गठित श्रमिकहरूले भुक्तानी गर्नुपर्ने एक महिनाको घरभाडा सम्वन्धित घरधनीलाई मिनाहा गर्न अनुरोध गर्ने। यसरी मिनाहा गरिएको घरभाडामा घरबहाल कर नलिने व्यवस्था मिलाउने।

## ५. कर सहुलियत तथा छुट सम्वन्धमाः

भन्सार

(क) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोविड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण र उपचारका लागि सूचीकृत संलग्न अनुसुची-१ बमोजिमका स्वीकृत मापदण्ड अनुसारको औषधी, स्वास्थ्य सामाग्री र स्वास्थ्य उपकरण पैठारी गर्दा भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (म) बमोजिम लाग्ने

सम्पूर्ण महसुल आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (१) बमोजिम छुट दिने।

(ख) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा सो मन्त्रालय वा सो मन्त्रालयले तोकेका स्वास्थ्य संस्था वा स्थानहरूमा हस्तान्तरण गर्ने गरी बिभिन्न संघ संस्था वा व्यक्तिले सहयोग स्वरुप उपलब्ध गराएका तोकिएको गुणस्तर अनुरुपमा कोविड-१९ संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि सूचीकृत भएका औषधी, स्वास्थ्य सामाग्री र स्वास्थ्य उपकरणमा भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (म) बमोजिम लाग्ने सम्पूर्ण महसुल आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (१) बमोजिम छुट दिने।

(ग) भन्सार उपशीर्षक ६३.०७.९०.९० मा पर्ने फेस मास्क, भन्सार उपशीर्षक ३८.०८.९४.०० मा पर्ने सेनिटाइजर र भन्सार उपशीर्षक ४०.१५.११.०० मा पर्ने सर्जिकल ग्लोभ्समा दरवन्दी बमोजिम लाग्ने भन्सार महसुल आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (१) बमोजिम छुट दिने।

(घ) भन्सार उपशीर्षक ८५.१६.६०.०० मा पर्ने ईन्डक्सन चूल्होमा आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (१) बमोजिम भन्सार महसुल छुट दिने।

(ङ) खण्ड (क) र खण्ड (ग) बमोजिम महसुल सुविधामा पैठारी भएका मालवस्तुमा आपूर्ति गरेको मिति स्पष्ट देखिने गरी स्टिकर टाँस गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको अधिकतम् खुद्रा मूल्य (एमआरपि) भन्दा बढी मूल्य नहुने गरी बिक्री गरेको हुनु पर्ने। साथै त्यस्ता मालवस्तुको उपयोग, बिक्री वितरण तथा मुल्यको सम्बन्धमा औषधी व्यवस्था विभाग र वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागले अनुगमन गर्ने।

(च) खण्ड (क) र खण्ड (ख) बमोजिम महसुल सुविधामा पैठारी भएका वस्तु सुविधाको दुरुपयोग गरेमा वा अन्य प्रयोजनमा प्रयोग गरेमा आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (४) बमोजिम छुट दिइएको दस्तुर, शुल्क, महसुल र कर रकम असुल गरी सो रकम बराबर जरिवाना गर्ने।

(छ) खण्ड (क) र खण्ड (ग) बमोजिमको भन्सार महसुल छुट सुविधा मिति २०७७।०१।१५ गते सम्ममा भन्सार बिन्दुमा आइपुगेको वस्तुको हकमा मात्र लागू हुने।

(ज) कोविड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण र उपचारका लागि आवश्यक पर्ने अमेरिकी डलर १,०३,३८,४८८।०० मूल्य वरावरका १९ प्रकारका बिभिन्न औषधी, स्वास्थ्य सामाग्री र स्वास्थ्य उपकरण आपूर्तिका लागि स्वास्थ्य सेवा बिभाग र OBCI Private Ltd. बिच भएको सम्झौता बमोजिम

स्वास्थ सेवा बिभागले खरिद गरी पैठारी गर्ने मालवस्तुमा भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (म) बमोजिम लाग्ने सम्पूर्ण महसुल आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (१) बमोजिम छुट दिने गरी अर्थ मन्त्रालयबाट मिति २०७६।१२।१५ मा भएको महसुल छुटको निर्णयलाई समर्थन गर्ने।

(झ) खण्ड (क) देखि (ज) सम्मको निर्णय अर्थ मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्ने।

**आन्तरिक राजस्व तर्फ**

आर्थिक ऐन, २०७६ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी अर्थ मन्त्रालयले देहाय बमोजिम निर्णय गर्ने:

(क) मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम २०७६ साल फागुन महिनाको मासिक, माघ र फागुन महिनाको द्विमासिक र दोस्रो चौमासिक अवधिको मूल्य अभिवृद्धि कर विवरण तथा ती विवरण बमोजिमको कर दाखिला गर्ने म्याद २०७७ साल वैशाख २५ गतेसम्म थप गर्ने।

(ख) मूल्य अभिवृद्धि कर फिर्ता प्रयोजनको लागि मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा २५घ. बमोजिम कर फिर्ताको निवेदन दिन पाउने अवधि समाप्त भएमा २०७७ साल वैशाख मसान्तसम्म थप गर्ने ।

(ग) अन्तःशुल्क ऐन,२०५८ बमोजिम २०७६ साल फागुन महिनाको बुझाउनु पर्ने विवरण तथा ती विवरण बमोजिमको अन्तःशुल्क दाखिला गर्ने म्याद २०७७ साल वैशाख २५ गतेसम्म थप गर्ने।

(घ) आयकर ऐन,२०५८ बमोजिम २०७६ साल फागुन महिनाको बुझाउनु पर्ने अग्रिम कर कट्टी र अग्रिम कर असुलीको विवरण बुझाउने म्याद तथा ती विवरण बमोजिमको कर दाखिला गर्ने म्याद २०७७ साल वैशाख २५ गतेसम्म थप गर्ने।

(ङ) आयकर ऐन,२०५८ बमोजिम २०७६ चैत्र महिनामा बुझाउनु पर्ने आर्थिक वर्ष २०७६/०७७ को संशोधित अनुमानित कर विवरण र दोस्रो किस्ता वापतको रकम दाखिला गर्ने म्याद २०७७ साल वैशाख मसान्तसम्म थप गर्ने।

(च) आर्थिक ऐन, २०७६ को दफा ८ को उपदफा (२) बमोजिमको शिक्षा सेवा शुल्क, दफा १४ को उपदफा (२) बमोजिमको टेलिफोन स्वामित्व शुल्क तथा दफा १५ को उपदफा (३) बमोजिमको दुर सञ्चार सेवा दस्तुर दाखिला गर्ने म्याद २०७७ साल वैशाख २५ गतेसम्म थप गर्ने।

(छ) कुनै व्यक्तिले आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा घटाउन पाउने गरी खर्च कट्टी गर्न दिने।

## ६. वैंकिङ्ग, वीमा तथा धितोपत्रका सम्वन्धमा

**बैंक तथा विदेशी विनिमय तर्फ**

(क) वित्तीय क्षेत्रमा तरलता सहज बनाउन र कर्जाको लागत घटाउन नेपाल राष्ट्र बैंकले अनिवार्य नगद मौज्दात, वैधानिक तरलता अनुपात लगायतको विद्यमान व्यवस्थामा पुनरावलोकन गर्ने।

(ख) विद्यमान पुनर्कर्जा कोषलाई तत्काल रु ६० अर्ब बनाई उक्त कोष कोभिड-१९ बाट बढी प्रभावित क्षेत्रमा परिचालन गराउने।

(ग) बैंक तथा वित्तीय संस्थाका कोरोना प्रभावित ऋणीले २०७६ चैत्र मसान्तमा तिर्नुपर्ने साँवा तथा व्याजको भुक्तानी गर्नुपर्ने अवधि २०७७ असार मसान्त कायम गर्ने।

(घ) सबै बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाका कोरोना प्रभावित ऋणीले २०७६ चैत महिनाको बुझाउनु पर्ने मासिक व्याज वा मासिक हुन आउने व्याज रकममा आधार दर भन्दा कम नहुने गरी १० प्रतिशत छुट दिने व्यवस्था मिलाउने।

(ङ) वैदेशिक रोजगारमा जाने अनुमति लिई जान नपाएका व्यक्तिले संक्रमणको जोखिम समाप्त भएपछि सहुलियतपूर्ण कर्जा लिई उद्योग व्यवसाय संचालन गर्न चाहेमा निवेदन दिएको सात दिन भित्र सहुलियतपूर्ण कर्जा उपलब्ध हुने व्यवस्था मिलाउने।

(च) बैंक तथा वित्तीय संस्थाहरूले कर्जाको वर्गीकरण गरी निष्क्रिय कर्जा वापत कायम राख्नुपर्ने कोष लगायतका सुपरिवेक्षकीय र नियमनकारी व्यवस्था २०७७ असार मसान्तसम्म यथावत राख्ने।

(छ) बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना ग्राहकलाई विद्युतीय माध्यमवाट सेवा प्रदान गर्ने र यस प्रकारको सुविधा दिए वापत अर्को निर्देशन नभएसम्म कुनै प्रकारको थप शुल्क नलिने व्यवस्था मिलाउने।

(ज) कोभिड-१९ को उपचारलाई समेत सहयोग पुग्ने गरी सेवा विस्तार र स्तरोन्नती गर्न चाहने निजी स्वास्थ्य प्रदायक संस्थाहरूलाई प्रवाह गरिने कर्जालाई प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत समावेश गर्ने व्यवस्था मिलाउने।

(झ) अत्यावश्यक औषधी स्वास्थ्य उपचारमा प्रयोग गरिने स्वास्थ्य सामग्री तथा उपकरण एवम् खाद्यान्न लगायतका दैनिक अत्यावश्यकीय वस्तुको पैठारी टि.टि. मार्फत् गर्दा हाल कायम रहेको ३० हजार अमेरिकी डलरको सीमालाई १ लाख अमेरिकी डलर बनाउने।

(ञ) सुनको पैठारीमा कायम रहेको दैनिक २० किलो ग्रामको सीमालाई १० किलोग्राममा झार्ने।

(ट) निकासी पैठारी नियन्त्रण ऐन २०१३ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोहि उपदफाको खण्ड (ञ) को उदेश्य प्राप्तिको लागि भन्सार उपशीर्षक ०७१३.१०.०० को केराउ, भन्सार उपशीर्षक ०८०२.८०.०० र ०८०२.९०.०० को सुपारी, भन्सार उपशीर्षक ०८०४.१०.०० को छोकडा, भन्सार उपशीर्षक ०९०४.११.०० को नधुल्याएको मरिच, भाग २२ को तयारी मदिरा र पैठारी हुने अमेरिकी डलर ५०,०००।०० भन्दा बढी मूल्यको सवारी साधनको पैठारीमा अर्को सूचना नभएसम्मका लागि पूर्ण वन्देज लगाउने। यस सम्बन्धी सूचना उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले प्रकाशन गर्ने व्यवस्था मिलाउने। तर, मिति २०७६।१२।१६ गते भन्दा अगाडी प्रतित पत्र खोलि सकेको हकमा प्रस्तुत ब्यवस्था लागु नहुने।

(ठ) विदेशमा रहेका नेपाली विद्यार्थीलाई शिक्षा मन्त्रालयको नो अबजेक्सन लेटर नभएपनि जीवन निर्वाहका लागि आवश्यक पर्ने न्यूनतम विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने।

**बीमातर्फ**

(क) कोभिड-१९ को संक्रमणका कारण सृजना भएको असामान्य परिस्थितिमा वीमा अवधि समाप्त भएको वीमा लेखको हकमा सम्बन्धित वीमितको लिखित अनुरोध (विद्युतीय माध्यमबाट प्राप्त समेत) का आधारमा वीमा लेख नवीकरण गर्ने।

(ख) जीवन बीमा सम्बन्धी प्रिमियम संकलन गर्ने समयावधि वैशाख मसान्तसम्म थप गर्ने। उक्त अवधिको व्याज नलाग्ने व्यवस्था मिलाउने।

(ग) चैत महिनामा नविकरण गर्नुपर्ने वीमा अभिकर्ता र सर्भेयरको ईजाजतपत्र नवीकरणको म्याद वैशाख मसान्त सम्म थप गरी सो वापत जरीवाना नलाग्ने व्यवस्था मिलाउने।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

(घ) निर्जिवन वीमकले तत्काल सिर्जना हुने दावी भुक्तानीको लागि बिद्युतीय माध्यमवाट समेत निबेदन प्राप्त भएमा अबस्था सामान्य भएपछि तत्काल सर्भेयर खटाई क्षति यकिन गरी दावी भुक्तानी गर्ने।

**धितोपत्रतर्फ**

(क) धितोपत्र बजारमा कारोवार गरी राफसाफ गर्न वाँकी रहेकाहरूको हिसाव राफसाफ गर्ने समयावधि २०७७ वैशाख मसान्तसम्म कायम गर्ने।

(ख) धितोपत्र ऐन बमोजिम सूचिकृत कम्पनीले बुझाउनु पर्ने विवरणहरू बुझाउने म्याद २०७७ वैशाख मसान्तसम्म कायम गर्ने।

७. **प्रशासनिक तथा नियमनकारी क्षेत्रका छुट तथा सहुलियतहरू**

कोभिड- १९ को संक्रमणका कारण उत्पन्न जटिल परिस्थितिमा विभिन्न नियमकारी निकायबाट सम्पादन गर्ने कार्य र सो को लागि विभिन्न कम्पनी वा निकायले पेश गर्नुपर्ने विवरण तथा लाग्ने शुल्कको सम्वन्धमा देहाय बमोजिम गर्ने ।

(क) कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनीले पेश गर्नुपर्ने विवरण वा प्रतिवेदन बुझाउने म्याद २०७७ वैशाख मसान्तसम्म कायम गर्ने व्यवस्था मिलाउने। साथै, कार्यालयले माग गरेको विवरण पेश गर्नुपर्ने विवरण पेश गर्ने म्याद पनि सोही समयसम्म कायम गर्ने व्यवस्था मिलाउने।

(ख) यातायात तथा सवारी चालक अनुमति पत्र, सवारी साधनको नवीकरण, प्रदूषण नविकरण, रुट परमिट नविकरण गर्ने म्याद २०७७ वैशाख मसान्तसम्म कायम गरी नवीकरण ढिलो भए वापत बुझाउनुपर्ने शुल्क जरिवाना मिनाहा गर्ने व्यवस्था मिलाउने।

(ग) प्राइभेट फर्म, साझेदारी फर्म वा वाणिज्य विभागमा दर्ता भएका संस्थाहरूको नविकरण अबधि उपर्युक्त बमोजिम २०७७ वैशाख मसान्तसम्म कायम गरी सो अनुरुप बुझाउनुपर्ने शुल्क/कर विलम्ब दस्तुर सबै मिनाह गर्ने व्यवस्था मिलाउने।

(घ) विद्युत नियमन आयोगले विद्युत महसुल निर्धारणका लागि सञ्चालन गर्ने सार्वजनिक सुनुवाई २०७७ वैशाख मसान्तसम्म स्थगन गर्ने व्यवस्था मिलाउने।

(ङ) वैदेशिक रोजगारमा १०० जना कामदार नपठाएकै कारणबाट इजाजतपत्रवाला संस्थाहरू खारेजी हुने हालको व्यवस्थालाई हटाउन बैदेशिक रोजगार ऐन, २०६४ मा संसोधनको प्रक्रिया अगाडि बढाउने।

(च) एसिया प्यासिफिक समूहबाट सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा सन् २०२० मा प्रस्ताव गरिएको पारस्परिक मूल्याङ्कनको कार्यतालिकालाई एक वर्ष पछि सार्न अनुरोध गर्ने।

८. **अन्य नीतिगत सुधार**

(क) वैदेशिक रोजगारमा जानको लागि श्रम स्वीकृति लिएका तर कोभिड-१९ का कारणले वैदेशिक रोजगारीमा जान नपाएका र वैदेशिक रोजगारीबाट फर्किएका नेपाली नागरिकको जिल्लागत विवरण स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमा सूचिकृत गरी प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध गरी कार्यक्रमको रकम उत्पादनशिल कार्यमा उपयोग हुने सुनिश्चितता गर्ने।

(ख) नेपाली कामदारको अवस्थाको सम्बन्धमा जानकारी नियमित रुपमा लिईराख्ने व्यवस्थाका लागि कुटनीति नियोगको भूमिका प्रभावकारी बनाउने र गन्तव्य मुलुकका सरकारसँग यस किसिमको परिस्थितिमा सहजीकरण गर्दै श्रमिकको तलब, सुविधा लगायतका विषयमा कुटनीतिक माध्यमबाट पहल गर्ने।

(ग) नेपाल सरकारले उखु कृषकहरूलाई प्रदान गर्न बाँकी रहेको नगद अनुदान वापतको रकम २०७७ वैशाख मसान्त सम्म तत् तत् कृषकलाई कार्यविधि बमोजिम अनिवार्य रुपमा वितरण गर्ने।

(घ) कोराना भाइरसको संक्रमणको नियन्त्रणका लागि नेपाल सरकारले लकडाउन गर्ने निर्णय हुन अगाडि सार्वजनिक खरिद ऐन बमोजिम भएका सार्वजनिक खरीद सझौताको म्याद थप गर्न माग गरेमा एक महिनासम्म थप गर्ने। यसरी म्याद थप गर्दा २०७६ चैत महिनामा बैंक ग्यारेन्टीको म्याद समाप्त हुने अवस्था भएमा सो बैंक ग्यारेन्टी जारी गर्ने बैंकले विना थप दस्तुर लक डाउन खुलेको मितिले एक महिनासम्म मान्य हुने गरी म्याद थप गर्ने।

(ङ) ब्यवसायिक क्षेत्रलाई कोभिड- १९ को कारण परेको प्रभावलाई मध्यनजर राखी निजी क्षेत्रको मनोवल उच्च पार्न र ब्यवसायिक वातावरणलाई पुन सुचारू गर्न नेपाल सरकारले थप आवश्यक ब्यवस्था गर्दै जाने।

## ९. स्रोत व्यस्थापन

माथि उल्लेख गरिएका राहतका कार्यक्रमहरूको कार्यान्वयनका लागि देहाय बमोजिम स्रोत व्यवस्थापन गर्ने:

**आन्तरिक तर्फ**

(क) आर्थिक वर्ष २०७६/७७ को विनियोजन मध्ये बचत हुने बजेट शीर्षकबाट रकमान्तर तथा स्रोतान्तर मार्फत प्राप्त हुने रकम।

(ख) प्रदेश र स्थानीय तहबाट लागत सहभागिता मार्फत योगदान हुने रकम।

(ग) संघ, प्रदेश र स्थानीय तहमा रहेको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा हुने रकम।

(घ) राष्ट्रिय विपद व्यवस्थापन कोषमा जम्मा भएको रकम।

(ङ) प्रधानमन्त्री दैवि प्रकोप उद्धार कोषमा रहेको रकम।

(च) नेपाल सरकारका नियमनकारी निकाय एवम अन्य निकायका कोषहरूमा रहेको रकम।

(छ) सार्वजनिक संस्थानहरू आफ्नै स्रोतबाट व्यहोरिने रकम।

**अन्तराष्ट्रिय आर्थिक सहायता परिचालनतर्फ**

कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचार तथा सो को कारणवाट अर्थतन्त्रमा पर्न सक्ने क्षति न्यूनिकरण गर्न देहाय वमोजिम अन्तराष्ट्रिय सहायता परिचालन गर्न वार्ता र सम्झौता प्रक्रिया अगाडि बढाउन अर्थ मन्त्रालयलाई स्वीकृति दिने।

(क) दातृ निकाय विश्व बैंकवाट आपतकालीन, महामारी, पूर्वतयारी तथा नियन्त्रण योजना अन्तर्गत नेपाल सरकारलाइ प्राप्त हुने अमेरिकी डलर २९ मिलीयन (करिव ३ अर्व ४८ करोड) सहुलीयतपुर्ण ऋण सहायता ।

(ख) भुक्तानी सन्तुलन तथा विदेशी विनीमय मौज्दात व्यवस्थापन गर्न अन्तराष्ट्रिय मुद्रा कोषवाट उपलव्ध हुने -र्यापिड क्रेडिट फेसिलिटि अन्तर्गत ७८.५ मिलीयन एस. डि. आर. (करिव रु १३ अर्व ९ करोड) वरावर कोटाको सुविधा ।

(ग) दातृ निकाय एसियाली विकास बैंकवाट हालै घोषणा भएको तत्कालीन सहयोग कार्यक्रम अन्तर्गत नेपालले परिचालन गर्न प्रक्रियामा रहेको रकम

करिव ६० मिलीयन अमेरिकी डलर  र सोमा थप घट हुने रकम समेत बजेट सहायता (पोलीसी वेस्ड लेन्डिङ्ग) ।

(घ) अन्य संभावित विकास साझेदारहरूवाट परिचालन हुन सक्ने श्रोत।

उत्तरकुमार खत्री
सह-सचिव/प्रवक्ता

चैत्र १८, २०७६

अर्थ मन्त्रालय, सिंहदरबार